नेपाल सरकार
कृषि, वन तथा पर्यावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

# प्रेस विज्ञप्ती

मिति २०८३ आषाढ २० गते रातको समयमा जिल्ला चितवन भरतपुर-२३, स्थित बेलहट्टा निवासी २५ वर्षीया आशिका बोटे र निजको ४ वर्षीय छोरा भरत बोटेको जंगली हात्ती (धुर्बे) को आक्रमणमा परी मृत्यु भएको दुखद घटनापश्चात यस चितवन राष्ट्रिय निकुञ्ज कार्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोषका प्राविधिक कर्मचारी, निकुञ्ज सुरक्षार्थ खटिएको नयाँ गोरख गणका नेपाली सेना, मध्यवर्ती उपभोक्ता समिति, वडा कार्यालय तथा स्थानीय सरोकारवालाहरुसंग विच निरन्तर समन्वय तथा सहकार्य गरि थप जनधनको क्षति हुन नदिन आवश्यक सुरक्षा तथा द्वन्द्व व्यवस्थापनका लागि उक्त जंगली हात्तीको निरन्तर खोजि तथा निगरानी गरिएको।

सोहि जंगली हात्तीले विगत केहि दिन देखि मानव बस्तीमा प्रवेश गरी जनधनको क्षति पुर्याइरहेकोमा वर्षायामको प्रतिकूल मौसम र घना जंगल संगै बढेको झाडीले गर्दा असहज परिस्थितिको बाबजुद पनि यस राष्ट्रिय निकुञ्ज कार्यालय, राष्ट्रिय प्रकृति संरक्षण कोष, निकुञ्ज सुरक्षार्थ खटिएको नयाँ गोरख गणका नेपाली सेनाको संयुक्त टोलीले मिति २०८३ आषाढ ३१ गते बेलुका १०:३० बजेको समयमा निकुन्ज भित्र सुखिभार पोष्ट नजिकको क्षेत्रमा उक्त जंगली हात्तीलाई फेला पारि डार्ट गरिएको र घाटीमा सेटलाइट प्रविधिमा आधारित कलर जडान गरी दाह्रा समेत काटि छाडिएको छ। यसले हात्ती रहेको अवस्थिति छोटो समयको अन्तरालमा जानकारी प्राप्त हुने र जियोफेन्सिङ्ग सहित हात्तिको विचरणको सूचना तत्काल प्राप्त हुने हुँदा हात्तीको नियमित अनुगमन गर्न र समयमै सूचना प्रवाह गर्न सहज हुनुका साथै मानव-हात्ती द्वन्द्व न्यूनीकरण गर्न सहयोग पुग्ने अपेक्षा राखिएको छ।

मिति २०८३ साल अषाढ ३१ गते बुधबार

........................
अविनाश थापा मगर
सूचना अधिकारी

कसरा, चितवन, नेपाल
+९७७-९८५५०९२२६०
www.chitwannationalpark.gov.np
info@chiwannationalpark.gov.np